स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



चलचित्र विकास बोर्डले मंगलबार राष्ट्रपति कार्यालय शितल निवासमा आयोजना गरेको 'राष्ट्रिय चलचित्र पुरस्कार समारोह'मा फिल्म 'महापुरुष'बाट हरिवंश आचार्यले उत्कृष्ट अभिनेता र फिल्म 'प्रकाश'बाट दीया मास्केले उत्कृष्ट अभिनेत्रीको अवार्ड प्राप्त गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलद्वारा वितरण गरिएको अवार्ड ग्रहण गर्नका लागि हरिवंश स्टेज चढेका थिए भने दीया अनुपस्थित थिइन् । उत्कृष्ट निर्देशक 'प्रकाश'बाट दिनेश राउत घोषित भए ।

आजको विचार...



सुदर्शन आचार्य

लोकतन्त्र...

(दुई पेजमा)

राष्ट्रपति भवन शीतल निवासमा पुगेकी अभिनेत्री तथा निर्देशक झरना थापाको लुक्स अधिपछि भन्दा भिन्न देखियो । दुई महिनाअघि कपाल खौरिएकी झरना पहिलोपटक नयाँ हेयर-स्टाइलमा सार्वजनिक रुपमा देखिएकी थिइन् । उनले त्यहाँ विशेष योगदान सम्मान पनि ग्रहण गरिन् । दुई महिनाअघि तिरुपति बालाजी तीर्थयात्रामा भारत जाँदा उनले कपाल खौरिएकी हुन् । उक्त तीर्थधाममा कपाल चढाए मनोकांक्षा पूरा हुने विश्वासका साथ झरनाले पनि कपाल खौरिएर त्यहाँ चढाइन् ।



❐ वर्ष २९ ❐ अंक ४६ ❐ २०८० भदौ १४ गते बिहीबार 31 August 2023, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# पाल्पामा गुडिरहेको स्कार्पियोमाथि पहिरो खस्दा तीनको मृत्यु, सात घाइते

हाम्रा संवाददाता

**पाल्पा,** भदौ १३/पाल्पाको रिब्दीकोट गाउँपालिका-२ जोर्तेमा गुडिरहेको स्कार्पियोमाथि ढुंगासहितको सुख्खा पहिरो खस्दा तीन जनाको मृत्यु भएको छ । बुधबार विहान गुल्मीको तम्घासबाट पाल्पा हुँदै बुटवल जाँदै गरेको लु १ ज ४६०० नम्बरको गाडीमाथि एक्कासी पहिरो खस्दा गाडीमा सवार तीन जनाको मृत्यु भएको हो ।

मृत्यु हुनेमा रेसुङ्गा नगरपालिका-७ भुजेलखर्ककी ५० वर्षीया मनकला चुदारा, तानसेन नगरपालिका-११ कुरुङखोला घर भई हाल गुल्मीमा कार्यरत प्रहरी सहायक हवल्दार ४२ वर्षीय यमबहादुर बोहोरा र पोखरा उपमहानगरपालिका-२४ हेम्जाका ३० वर्षिय विनोद तिमिल्सेना रहेका छन् । उनीहरुको घटनास्थलमै मृत्यु भएको जिल्ला प्रहरी कार्यालय पाल्पाले



जनाएको छ । सडक स्तरोन्नति गर्ने काम भइरहेकाले उक्त क्षेत्रमा सुख्खा पहिरो खस्ने गरेको छ । ठूला ढुँगासहित खसेको पहिरोले च्यापिदा स्कार्पियोमा सवार अन्य सात जना घाइते भएका छन् । गुल्मीको रेसुङ्गा नगरपालिका-८ खानीगाउँकी ४० वर्षीया शोभा घर्ती मगर, सोही ठाउँकी ३७ वर्षीया सुस्मा राना, उनको छोरीहरु ६ वर्षीया सुरबी राना, ५ महिनाकी सुबिया राना, सोही ठाउँका ४५ वर्षीय टेकबहादुर जिएम, २७ वर्षीया स्वीकृती थापा र उनको छोरा ५ वर्षीय सुरेन थापा घाइते भएको जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी नायव उपरीक्षक वीरेन्द्र थापाले जानकारी दिए । उनीहरुको लुम्बिनी मेडिकल कलेज प्रभासमा उपचार भैरहेको छ । घाइतेहरुको अवस्था सामान्य रहेको अस्पतालले जनाएको छ । चालक रेसुङ्गा नगरपालिका-८ खानीगाउँका ३६ वर्षीय बालकृष्ण श्रेष्ठ भने सकुसल रहेका छन् । पहिरोले गाडीमा समेत ठूलो क्षति पुऱ्याएको छ । घटनाको विषयमा थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## सक्षिप्त समाचार

### राष्ट्रसंघविरुद्धको प्रदर्शनमा दश जना मारिए

(रासस एएफपी)

**गोमा (प्रजातान्त्रिक गणतन्त्र कङ्गो),** भदौ १३/प्रजातान्त्रिक गणतन्त्र कङ्गोको पूर्वी शहर गोमामा एक धार्मिक समूहले आयोजना गरेको संयुक्त राष्ट्रसै विरुद्धको नियोजित विरोध प्रदर्शन सैनिकहरूले रोक्ने प्रयास गरेपछि भएको झडपमा कम्तीमा १० जनाको मृत्यु भएको छ । प्रदर्शन आयोजना गर्ने समूहका सदस्य मोलेका मारेगानेले कङ्गोली सैनिकहरूले रेडियो स्टेशन र पूजास्थलमा छ जनाको हत्या गरेको बताएका छन् । अस्पतालका अधिकारीहरूले पनि ३३ जना घाइतेलाई भर्ना गरिएको तथा तीमध्ये तीन जनाको मृत्यु भएको पुष्टि गरेका छन् । आक्रोशित भीडले एक जना प्रहरीलाई पनि मारेको सरकारी अधिकारीहरूले बताएका छन् । प्रजातान्त्रिक गणतन्त्र कङ्गोमा शान्ति सुव्यवस्था कायम गर्न सन् १९९९ देखि तैनाथ शान्ति सेना खनिजको भण्डार पूर्वी कङ्गोमा तैनाथ गरिएको छ । अतिवादीलाई ठेगान लगाउन नसकेकामा शान्ति सैन्य यहाँ निकै आलोचित छ । राष्ट्रसंघीय यो शान्ति मिशन सबैभन्दा ठूलो र महँगो हो । यसको वार्षिक बजेट चार अर्ब अमेरिकी डलर छ । शान्ति मिशनमा १६ हजार सैनिक छन् ।

## घाइतेहरुको अवस्था बुझ्न काँग्रेस नेता भट्टराई अस्पताल

### उपचारमा कमी हुन नदिन अस्पताललाई आग्रह

**पाल्पा,** भदौ १३/नेपाली काँग्रेसका युवा नेता तथा गुल्मीका सचिव जगदीश भट्टराई जोर्तेमा भएको स्कार्पियो दुर्घटनाका घाइते र गुल्मीमा भएको आन्दोलनमा परी घाइते भएकाहरुको अवस्था बुझ्न अस्पताल पुगेका छन् । भट्टराईले पाल्पास्थित लुम्बिनी मेडिकल कलेज प्रभास र युनाइटेड मिसन अस्पतालमा पुगेर उपचारत घाइतेहरुको अवस्था बारे जानकारी लिएका हुन् ।

जहाँ विपद् त्यहाँ काँग्रेस भन्ने अभियान सहित राजनीतिमा सक्रिय भट्टराईले बुधबार विहान जोर्तेमा भएको स्कार्पियो दुर्घटनाका घाइतेहरुको अवस्थाबारे बुझेका छन् ।





उनले लुम्बिनी मेडिकल कलेज प्रभासमा पुगेर उपचारत घाइतेहरुको अवस्था बारे जानकारी लिएका हुन् । रिब्दीकोट गाउँपालिका-२ जोर्तेमा ढुंगासहितको सुख्खा पहिरोले स्कार्पियो च्यापिदा तीन जनाको मृत्यु भएको छ भने सात जना घाइते भएका छन् ।

यस्तै नेता भट्टराईले गुल्मीमा मंगलबार भएको आन्दोलन हुँदा जलेर घाइते भएकाहरुको स्वास्थ्य अवस्था समेत बुझेका छन् । घाइते भई तानसेनस्थित युनाईटेड मिसन अस्पतालमा उपचारत अर्घाखाँची छत्रदेव गाउँपालिका-६ र ७ का ३३ वर्षीय लक्ष्मण पौडेल र २५ वर्षीय कृष्ण पाण्डेको अवस्था बुझ्न भट्टराई बुधबार अस्पताल पुगेका थिए । गुल्मी अस्पतालमा उपचारको क्रममा छ वर्षीया बालिकाको ज्यान गएपछि आन्दोलनमा उत्रिएका पीडित पक्षले प्रशासन कार्यालय अगाडि नाराबाजी गर्दै टायर बाल्ने क्रममा पेट्रोल शरीरमा लागेपछि एक्कासी पेट्रोल खनाएर बाल्ने क्रममा पाण्डे र पौडेलको शरीरमा परी जलेर घाइते भएका थिए । अस्पतालमा घाइतेहरुलाई भेटेर भट्टराईले शिघ्र स्वास्थ्य लाभको कामना गर्दै उपचारमा कुनै पनि कमी हुन नदिन अस्पताललाई आग्रह समेत गरेका छन् । उनले उपचाररत घाइतेहरुको सहयोगका लागि स्थानीय, प्रदेश र संघीय सरकारलाई आग्रह गर्ने र समन्वयकारी भूमिका खेल्ने बताए ।

## आज गाईजात्रा पर्व मनाइँदै



**पाल्पा,** भदौ १३/पाल्पासहित देशभर आज गाईजात्रा पर्व मनाइँदै छ । दिवंगत आफन्तको आत्माको शान्तिको कामना गर्दै हाँस्यव्यङ्ग्य र ख्यालठट्टा सहित गाईजात्रा (साँपारु) पर्व मनाउने गरिन्छ ।

विषेशगरी नेवार समुदाय बसोबास भएका ठाउँमा गाइजात्रा पर्व मनाइन्छ । मृत्यु भएको एक वर्ष नपुगेका आफन्तका परिवारले गाइजात्राका दिन मृतक आफन्तको सम्झनामा उनीहरुको तस्बिरका साथै पुत्लाहरु बनाएर आ-आफ्ना इलाका परिक्रमा गराउने प्रचलन छ । गाई र मानिसलाई सिगारी मृतक आफन्तको प्रतिमाका साथ सहर परिक्रमा गर्दै मृतकका आफन्तले फलफुल, मिठाई, दुध, दही लगायत विभिन्न खानेकुरा र द्रव्य दान गर्ने प्रचलन छ । यसरी गाउँ/नगरपरिक्रमा गर्नाले मृत्यु भएका व्यक्तिले मुक्ति पाउने धार्मिक विश्वास रहेको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

## आज रक्षाबन्धन अर्थात् जनैपूर्णिमा पर्व देशभर मनाइँदै

### जनैपूर्णिमा, रक्षाबन्धन र गाईजात्रा पर्व आजै मनाउनु नै शास्त्रसम्मत

**पाल्पा,** भदौ १३/आज देशभर रक्षाबन्धन धारण गरी रक्षाबन्धन, जनैपूर्णिमा पर्व मनाइँदै छ । पूर्णिमाका दिन बिहानैदेखि वैदिक सनातन धर्मावलम्बीले नदी, ताल, तलाउ, पोखरीमा गई स्नान गरेर गुरु पुरोहितबाट रक्षासूत्र बाँध्छन् । तागाधारीले गुरु पुरोहितले विधिपूर्वक मन्त्रिएको यज्ञोपवीत एवं डोरो (रक्षासूत्र) धारण गरेमा नकारात्मक तत्वबाट सुरक्षा प्राप्त हुने धार्मिक विश्वास छ । सत्ययुगमा दानवद्वारा लखेटिएका



देवगणलाई गुरु वृहस्पतिले रक्षा विधान तयार गरी जेले गर्दा अत्यन्त बलशाली दानवराज बली बाँधिए, त्यसैले म तिमीलाई बाँध्छु, यसले तिमी सुरक्षित वन, विचलित नहोऊ भनी डोरो बाँधेर जोगाएका थिए भन्ने पौराणिक मान्यताका आधारमा चलेको रक्षाबन्धनको परम्परा हालसम्म पनि प्रचलित छ । यसैकारण रक्षाबन्धन गर्ने बेलामा गुरु पुरोहितले 'येन बद्धो बलिराजा दानवेन्द्रो महाबल तेन त्वां प्रतिबध्नामी रक्षेमा चलमाचल' भनी रक्षासूत्र, रक्षाबन्धन अथवा डोरो बाँध्ने वैदिक परम्परा रहेको नेपाल पञ्चांग निर्णायक समितिले जनाएको छ ।

*(...बाँकी अन्तिम पेजमा)*

## सूचना

***जनै पूर्णिमा २०८०*** **को पावन अवसरमा हाम्रा ग्राहकवर्ग, विज्ञापनदाता, पत्रकार, शुभचिन्तक तथा कर्मचारीहरूमा *हार्दिक शुभकामना* व्यक्त गर्दछौं । साथै जनै पूर्णिमाको अवसरमा भदौ १४ गते बिहीबार दैनिकको कार्यालय बन्द हुने हुँदा हाम्रो आगामी अंक भदौ १६ गते शनिबार मात्र प्रकाशन हुने समेत जानकारी गराइन्छ । सं.**

नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## जनै पूर्णिमा र रक्षाबन्धनको महिमा

जनै पूर्णिमाको दिन मन्दिर, खोला, पोखरी, पानीको मूल आदि स्थानमा ब्रह्मणाद्वारा मन्त्रोच्चारण गरी जनै फेर्ने वा रक्षवन्धन बाँध्ने गरिन्छ । यो डोरा लक्ष्मीपूजाको दिन गाईको पुच्छरमा बाँधिदिने प्रचलन छ । धार्मिक मान्यता के छ भने, यसरी विधीपूर्वक डोरा बाँधेपछि रोग ब्याध नलाग्ने, सुख शान्ति मिल्ने हुन्छ । आज देशैभर हिन्दु धर्मावलम्बिहरुले डोरा बाधेर रक्षाबन्धन अर्थात् जनैपूर्णिमा पर्व मनाईंदै छन् । यो पर्वमा भान्जा, ज्वाईं, ब्राह्मणलगायतका मान्यजनहरुले रक्षाबन्धन लगाइदिने प्रचलन छ । नयाँ फेरिएको जनै र रक्षाबन्धनले धेरै कुराबाट सुरक्षित राखेर रक्षा गर्छ भन्ने धार्मिक किंवदन्ती छन् । सत्ययुगमा दानवबाट पीडित देवगणको रक्षा गर्न गुरू बृहस्पतिले रक्षाबन्धन बाँधिदिएको सम्फनामा जनै पूर्णिमा पर्व मनाइने गरिन्छ, तर पछिल्लो समय नेपाली समाजमा नयाँ पुस्ताले भने भुल्दै जान थालेका छन् । उनीहरुले कि त जनै लगाउँदैनन कि त सबै बिधि पूरा गर्दैनन् । यसको सामाजिक महत्व हुँदा हुँदै पनि आजभोलिका युवाले जनैमा विश्वास गर्दैनन् । यो अत्यन्त दुखको कुरा हो । पश्चिमा संस्कृतिले पनि नेपाली संस्कृतिलाई विस्थापित गर्दै लगेको छ । नेपाली परम्पराअनुसार मान्दै आइएका यी परम्परालाई पछिल्लो पुस्ताले ध्यान दिन सकेको छैन । अगाडिका वर्षमा धुमधमका साथ मनाइने जनै पूर्णमा आजकाल भने सामान्य जस्तै बनेको छ ।

रक्षाबन्धन बाँधेपछि मन, बचन र कर्मलाई पनि पवित्र बनाउनुपर्छ । यो आत्मअनुशासनको एउटा विधी हो । सांसारिक बन्धनदेखि छुटकारा लिएर ईश्वरीय बन्धनमा बाँधिने एउटा अवसर हो यो । रक्षाबन्धन यस्तो सांकेतिक बन्धन हो, जसले हामीलाई नराम्रो काम गर्न, नराम्रो विचार राख्न, नराम्रो चिन्तन गर्न, नराम्रो खानपान गर्नबाट नियन्त्रण गर्छ । यो पर्वलाई विषतोडक पर्व समेत भनिन्छ । हरेकजासो पर्वलाई हामी विजयोत्सवको रुपमा पनि मनाउने गर्छौं । रक्षाबन्धन पनि मर्यादा र आत्मा निग्रहद्वारा मृत्युमाथि विजय प्राप्त गर्ने पर्वको रुपमा मानिन्छ । सूत्र आत्माको मर्यादा र संयमको प्रतिक हो । सूत्र कुनैपनि वस्तुलाई अविछिन्न गर्ने वस्तु हो । रक्षाबन्धनको अर्थ अविचलित भएर पवित्रताको पालना गर्नु पनि हो । यसर्थ यसको महिमा महत्वपूर्ण रहेको छ ।

## Opinion @ Social Network

अप्ठ्यारो छ भन्दैमा जीवन सकिएको नसोच्नुहोस्,
यहाँ सुन्दर बिहानी आउन पनि ती अन्धकार रात कटाउनु पर्छ ।
*(धर्मागत शर्माको फेसबुक स्टाटस https://www.facebook.com/Dharmagat)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# लोकतन्त्र, भ्रष्टाचार र आवधिक निर्वाचन



सुदर्शन आचार्य

भ्रष्टाचारका ठूला प्रकरणले यतिबेला मूलधारका राजनीतिक दलको संरचनामै 'हलचल' ल्याइदिएको छ । पञ्चायतकालका 'भ्रष्टाचारका घटना' इतिहासमै सीमित भए । तर, लोकतन्त्र यताका घटनामा जनताले चासो लिएका कारण पनि पछिल्ला भ्रष्टाचार 'ओझेल' पर्न पाएनन् । भ्रष्टाचार निर्मूल गर्ने नाममा कानुन त बनाइन्छ । तर कानुनमै 'खोट' या 'छिद्र' राखेर वा गलत व्याख्या गर्ने प्रवृत्तिले पनि भ्रष्टाचार मौलाएको देखिन्छ । अर्कातिर पछिल्ला सरकारहरु आफू जोगिन हरेक विषय मन्त्रिपरिषद्मै लगेर 'नीतिगत निर्णय' गर्ने र भ्रष्टाचारबाट बच्ने बाटो बनिदियो- २०५३ असोज ८ को एउटा फैसला र अखितयार दुरुपयोग अनुसन्धान आयोगको कानुन । सर्वोच्च अदालतको उक्त फैसलाले 'मन्त्रिपरिषद्को नीतिगत निर्णय बारे छानबिन नै हुन नसक्ने ठहर' गरेको छ । उक्त फैसलामा भनिएको छ- 'निर्वाचनको परिणामबाट सरकार निर्माण हुने भएकाले सरकार निर्माण गर्ने दलले आफ्नो नीति तथा कार्यक्रम लागू गर्नुपर्ने हुन्छ । त्यस्ता कार्यक्रम आफ्नो मन्त्रिपरिषद्बाट 'नीतिगत निर्णय'को औचित्य सम्बन्धमा नेपालको संविधान २०४७ अन्तर्गत सावैभौम जनताद्वारा सो दललाई बहुमत दिनुबाट नै मान्यता दिएको मान्नुपर्ने स्वाभाविक देखिन्छ ।' तसर्थ, मन्त्रिपरिषद्को नीतिगत निर्णयको औचित्य नभएमा सत्तामा रहेको दललाई जनमतद्वारा हटाउनुको विकल्प छैन, भनिएको छ । यही टेकोमा टेकेर आर्थिक कारोबारका विषयलाई नीतिगत निर्णयको आवरण दिएर भ्रष्टाचार गरिँदै आएको छ ।

आजभन्दा २७ वर्षअघिको सर्वोच्च अदालतको फैसलालाई 'टेको' मानी पछिल्ला सरकारले गर्दै आएका निर्णयका कारण भएका अनियमितताले मूलधारका राजनीतिक दलको 'जग' नै हल्लाइदिने गरी 'भ्रष्टाचारका प्रकरण' सतहमा आएका छन् । अर्कातिर यतिबेला 'भ्रष्टाचार निवारण ऐन-२०५९ लाई संशोधन गर्न बनेको विधेयक र अखितयार दुरुपयोग अनुसन्धान आयोग ऐन-२०४८ लाई संशोधन गर्न बनेको विधेयक पाँच वर्षदेखि संसद्मा विचराधीन छ । लामो समयदेखि अवरुद्ध संसद् खुलेलगत्तै ती विधेयकले प्राथमिकता पाउने अनुमान लगाउन सकिन्छ । प्रजातन्त्रयता कारबाहीबाट उन्मुक्ति पाउन 'नीतिगत निर्णय'को त्यान्द्रो समाएर गरिएका ठूला भ्रष्टाचार र त्यही भ्रष्टाचारको जालो चिर्न संसदमा पेस विधेयक तथा उक्त विधेयकमाथि हालिएको संशोधन प्रस्तावले पाउने प्राथमिकताभित्र नै 'नेपालको संसदले भ्रष्टाचारको विषयलाई कति गम्भीरतापूर्वक लिएको छ' भन्ने प्रष्ट हुनेछ ।

### चर्चित भ्रष्टाचार काण्ड

विसं २०६६ चैत २९ र २०६७ बैशाख ३१ मा मन्त्रिपरिषद्ले ललिता निवासको जग्गाबारे नीतिगत निर्णय लियो । उक्त निर्णयकै आधारमा भ्रष्टाचार भएको ठहर गरी नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी)'ले करिब २ महिना लगाएर 'ललिता निवास जग्गा हिनामिना प्रकरण'को अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालय काठमाडौंमा पेस गऱ्यो । तर, उक्त प्रतिवेदनले पूर्वउपप्रधान तथा भौतिक योजना मन्त्री विजयकुमार गच्छदार, पूर्व भूमिसुधार मन्त्री डम्बरबहादुर श्रेष्ठ र चन्द्रदेव जोशी, पूर्व भौतिक योजना राज्यमन्त्री संजय शाह, पूर्वसचिवहरु दीप बस्न्यात, छविराज पन्त, युवराज भुसाल, रविन्द्रमान जोशी, दिनेशहरि अधिकारी र नारायणगोपाल मलेगोलाई मात्र दोषी देख्यो । पूर्वमन्त्री, पूर्वसचिव, १८ जना पूर्वसहसचिव सहित २३८ जना विरुद्ध १८ अर्ब ३५ करोडको दावीसहित कैद सजायको दाबी गरिँदा त्यही निर्णय लिँदाका मुख्य निर्णयकर्ता पूर्वप्रधानमन्त्रीद्वय माधवकुमार नेपाल र बाबुराम भट्टराईलाई भने सरकारी साक्षीका रुपमा मात्र राखेर कसुरबाट उन्मुक्ति दिँदै राज्यले 'पक्षधरता' देखाउन पुग्यो । नीतिगत निर्णयका शृंखला निकै लामो समयदेखि चल्दै आएको छ । सम्झौता अवधि ६ वर्ष बाँकी रहँदै २०७६ पुसमा यति होल्डिङ्स प्रा.लि.लाई नेपाल ट्रस्टको जग्गा २५ वर्षका लागि विनाप्रतिस्पर्धा लिजमा दिने निर्णय केपी शर्मा ओली सरकारले गऱ्यो । त्यही सरकारले कोरोना महामारीको भयावह भएकै बखत ओम्नी नामक कम्पनीलाई स्वास्थ्य सामग्री खरिदको ठेक्का तत्कालीन उपप्रधान तथा रक्षा मन्त्री ईश्वर पोखरेल र स्वास्थ्य मन्त्री भानुभक्त ढकालको योजनाअनुसार दिएको करोडौं रुपैयाँ अपचलनको किंवदन्ती बन्ने तर्खरमा छ ।

विसं २०७९ को अन्त्यतिर पीडितले दिएको उजुरीका आधारमा नक्कली भुटानी शरणार्थी प्रकरणमा राज्यकै संलग्नता पुष्टि भयो । उक्त प्रकरणमा पूर्वमन्त्रीहरु टोपबहादुर रायमाझी र बालकृष्ण खाँड पुर्पक्षका लागि थुनामा छन् । राज्यको करिब २० अर्ब खर्च भएको 'क्यान्टोंन्मेन्ट' घोटाला प्रकरणको फाइल अख्तियारमा छ । गिरिबन्धु टी स्टेट, सेक्युरिटी प्रेस खरिद, सर्वोच्च अदालत भवन निर्माण प्रकरण जस्तै विषय थातीमा छन् । वाइडवडी, बुढीगण्डकी, सीसीटीभी, मधेसमा साइकल वितरणदेखि आयल निगम जग्गा खरिद तथा सुरक्षण मुद्रण जस्ता विषयसमेत छताछुल्ल भएर पनि छानबिनविनै अलपत्र छन् । सुन तस्करीमा 'शक्तिशाली आयोग' बनाउन राजी सरकार माथि उल्लेखित भ्रष्टाचारको छानबिनमा भने उदासीनता देखाउँदै आएको छैन ।

### संसद्को परीक्षा

भ्रष्टाचार निवारण ऐन-२०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन-२०४८ लाई संशोधन गर्न बनेको विधेयक यतिबेला संसदमा विचाराधीन अवस्थामा छ । भ्रष्टाचारजन्य कसुरमा कुनै हदम्याद नै नलाग्ने गरी ऐन निर्माण आजको आवश्यकता हो । अर्कातिर स्वार्थ बाँझिने गरी मन्त्री तथा अन्य नियुक्ति लिने र त्यसैको आडमा नीतिगतरुपमै भ्रष्टचार गर्ने परम्परा नै बसिसकेको छ । तसर्थ, 'कन्फ्लिक्ट अफ इन्ट्रेस्ट' सम्बन्धी संघीय कानुनसमेत नभएकाले यो विषयको कानुन निर्माणमा समेत जोड दिनु ढिलो भइसकेको छ । भ्रष्टाचारजन्य कसुरको अनुसन्धानका लागि समेत संसद्ले 'संसद् मातहत' रहने गरी 'अनुसन्धान आयोग' गठन गरिनु सान्दर्भिक हुन्छ । जसको अनुसन्धानले अख्तियारलाई समेत मद्दत पुग्नेछ । त्यसअतिरिक्त दबाब, प्रभावका कारण अनुसन्धान गर्न नचाहेका र अनुसन्धानपछि तजबिजी अधिकार प्रयोग गरी तामेली राख्न खोजेका विषयमा पनि निगरानी हुनेछ । त्यसअतिरिक्त निजामती सेवाकै कर्मचारी लिएर अनुसन्धान गरिँदा आफूभन्दा माथिल्लो पदीय हैसियतका व्यक्तिको समेत अनुसन्धान गरिनुपर्ने भएकाले त्यस्तो अनुसन्धान प्रभावकारी नहुन सक्छ । संसद्मा विचाराधीन विधेयक भएकाले यतिबेला परीक्षामा सिंगो संसद् नै छ । त्यसअतिरिक्त विधेयकमा 'हदम्याद' प्रावधान राखेको छ जुन विवादास्पद छ । भ्रष्टाचारीका हकमा हदम्याद राखिनु उचित होइन । अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनको परिच्छेद ४ को भ्रष्टाचार सम्बन्धी उजुरीको दफा २ मा भनिएको छ- दफा २ मा लेखिएदेखि बाहेक भ्रष्टचारका सम्बन्धमा सो कार्य भएको ५ वर्षभित्र आयोगले कारबाही नचलाएमा सो अवधिपछि त्यस सम्बन्धमा यस ऐनअन्तर्गत कुनै कारबाही चलाइने छैन । यसरी 'कुत्सित' उद्देश्य राखेर प्रचलनमा ल्याइएको विधेयकमा संशोधन हुन जरुरी छ । सरकारका अनेकौं अनुचित उद्देश्य हुन सक्छ जनप्रतिनिधिले यसमा संशोधन गर्नुपर्छ । काठमाडौं क्षेत्र नम्बर ४ का सांसद गगनकुमार थापाले २०८० बैशाख ९ गते ५ पृष्ठ लामो भ्रष्टाचारसम्बन्धी विधेयकलाई संशोधन गर्न प्रस्ताव दर्ता गरेर संशोधन माग गरेको देखिन्छ । सांसद थापाले संशोधन प्रस्तावमा नीतिगत निर्णय भनी आयोगले अनुसन्धाको दायरा बाहिर राखेका वा तामेलीमा राखेका घटनालाई यस ऐन र प्रचलित कानुन बमोजिम आयोगले अनुसन्धान गर्न/गराउन वा निज उपर मुद्दा चलाउन सक्नेछ भन्ने वाक्यांश राख्न संशोधन प्रस्ताव पेस गरेको देखिन्छ । उक्त प्रस्तावमा सस्तो लोकप्रियतामा रमाउने अन्य दल वा व्यक्तिले भने 'न त संशोधन प्रस्ताव, न त उक्त प्रस्तावका बारे' नै केही भेउ पाएको देखिन्छ । अख्तियार तथा संवैधानिक निकाय जस्ता निकायमा गरिने नियुक्तिमा समेत मापदण्ड जरुरी छ । विषय विज्ञको सूचीबेगरै 'नेताका खल्ती'बाट आयोगलगायत संवैधानिक तथा न्यायालयमा न्यायाधीश समेतको नियुक्तिको परम्परा आश्चर्यजनक रुपमा कायमै छ । योग्यता, क्षमता र विषयविज्ञताका आधारमा 'रोस्टर' तयार गरी नियुक्ती गरिदाँ मात्र जनविश्वास बढ्ने हो । भ्रष्टाचारजस्तो विषय आज राजनीतिक तहमा पेचिलो मुद्दाको रुपमा अगाडि आएको छ । प्रजातन्त्रयताकै भ्रष्टाचारका चर्चित प्रकरणकै कारण मूलधारका राजनीतिक दलका उपल्लो तहमा नेताको बदनामीसमेत चरममा छ । त्यही मूलधारका दलका नेताको बदनामीकै जगमा केही नयाँ दलको समेत उदय भएको छ । यो अवस्थामा मूलधारका दलका नेताले आफूलाई जनताबीच टिकाई राख्न पनि भ्रष्टाचारका सन्दर्भमा आफूलाई कहाँनेर उभ्याउने छन् भन्ने सबाल उनीहरुले प्रतिनिधित्व गर्ने दलको हकमा समेत महत्वपूर्ण छ । यती, ओम्नी, वाइडवडी, नक्कली शरणार्थी, सुनकाण्ड, आयल निगम जग्गा खरिद, नक्कली भ्याटबील, क्यान्टोन्मेन्ट प्रकरण, बूढीगण्डकी जस्ता प्रकरण पछिल्लो समय नेपाली राजनीतिलाई नै तरंगित पार्ने घटना हुन् ।

बेलाबखत चर्चामा रहने र सेलाउने गरेका यस्ता प्रकरण राजनीतिक सतहमा धेरै देखिए । तर, यसपटक सुन प्रकरणले भने लामौ समय संसद् अवरुद्ध समेत गऱ्यो र उच्चस्तरीय आयोग निर्माण गरिने सरकारी प्रतिवद्धतासहित संसद खुलेको छ । राजनीतिक दलका उपल्लो तहका नेताहरु ठूलाठूला भाषण गर्ने तर भ्रष्टाचार प्रकरणमा आफ्नो नाम मुछिनासाथ उच्चस्तरीय बैठक बसी सहमति गरी हाल्ने अनौठो परम्परा छ । त्यसकै सिको स्वरुप 'सुन प्रकरण' पनि मिलिभगतमै नटुंगिएला भनी हाल्न सकिन्न । नेकपा (एमाले)ले सुन प्रकरण लगायत माथि उल्लेखित चर्चित भ्रष्टाचार प्रकरणमा छानबिन आयोगको माग राखेको भए अझै उसको राजनीतिक उचाइ बढ्ने थियो । तर, आफैँ पनि फसिने डरले उसले संसद्मा सुन प्रकरणमात्र उचाल्यो । तथापि, यी ठूला भ्रष्टाचार प्रकरणको सेरोफेरोमा संसद्मा पेस भ्रष्टाचार निर्वारण ऐन र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन दुवैको 'ऐन संशोधन'मा मात्र संसद् दरिलो रुपमा उभिन सक्यो भने पनि कम्तीमा 'नीतिगत'को त्यान्द्रो समाएर गरिने भ्रष्टाचारमा कमी आउने अपेक्षा गर्न सकिन्छ । अन्यथा, हिजोको झैँ कानुन निर्माणमा समेत 'छिद्र' राखेर कर्मचारीले 'कानुन मस्यौदा' गर्ने र निरीह भई संसद्ले 'ल्याप्चे' लगाइदिने परम्पराले न त भ्रष्टाचार नै न्यून हुनेछ न त आवधिक निर्वाचनमा मूलधारका दलको अस्तित्व नै बच्नेछ ! त्यस अवस्थामा दुवैको नाश अवश्यंभावी छ ।

*-बाह्रखरी डटकम*

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पिटल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : दिनको उत्तरार्द्ध सुखद् रहनेछ । शुभकार्यको चर्चा चल्नेछ । | **तुला** : नयाँ कामको थालनी हुनेछ । अचल सम्पत्ति हात पर्ला । |
| **वृष** : नजिकको व्यक्तिबाट धोका पाइन्छ। मन खिन्न हुने स्थिति आउनसक्छ । | **वृश्चिक** : मित्रताको बन्धन कसिने बेलाछ । वैदेशिक कार्य अघि बढ्नेछ । |
| **मिथुन** : शुभकार्यको चर्चा चल्नेछ । आँटेको र ताकेको कार्य पुरा होला । | **धनु** : सही निर्णय लिन सकिनेछ । दाम्पत्य सुखले प्रफुल्लित भइनेछ । |
| **कर्कट** : महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । वैदेशिक कार्य अघि बढ्नेछ । | **मकर** : अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला । अवसर गुम्न सक्नेछ । |
| **सिंह** : आम्दानी प्रशस्तै बढ्नेछ । अनुहार मा कान्ति र मनमा शान्ति छाउनेछ । | **कुम्भ** : ज्ञान सिक्ने मौका मिल्नेछ । मित्रबाट विशेष सहयोग पाईनेछ । |
| **कन्या** : सामान्य नै रहनेछ । अभिभावकको आशीर्वादले काम गर्नसक्छ । | **मीन** : प्रतिस्पर्धामा उर्तीण हुन सकिनेछ । कार्यमा सहजता पनि मिल्नेछ । |




बाल कथा — पार्वती पराजुली

# फूलबारीका फूल

> *सधैँ गाह्रो काम समाजको अपहेलना सुनिल कहिले काही खिन्न हुन्थ्यो । थर के चरोस उसको कर्म नै त्यस्तो थियो । पानी लिन पधेरोमा जादाँ सबै भन्दा पछि उसको पालो आउँदथ्यो । कुनै पनि बेला मन्दिर प्रवेश गर्न पाउँदैनथ्यो । यो सब उसले सहेर नै बसेको थियो । एक दिन अचानक सुनिल बिरामी पर्‍यो, गरिब परिवार घरको मूल खम्बा नै ढलेपछि अरुलाई गाह्रो त परहाल्ने नै भयो । गाउँघरको रुढीवादी चलन धामी झाक्रीको भर गरियो । धेरै दिन धामीको बाटो हेर्दा पनि कम नभएपछि सुनिता चिन्तित भइन् । ऊ गाँउ कै प्रा.वि. तह सम्म पढाइ हुने स्कुलमा जान थालेको थियो । पूजा पनि सागरसँगै स्कूल जान्थी । सागरको बाबा लिएर अस्पताल जाने त भनियो तर घरमा पैसा छैन । घरमा कमाउने व्यक्ति नै बिरामी भएको थियो ।*

चारैतिर हरियाली वातावरण, ठूला-ठूला पहाड वरिपरि डाँडाले घेरिएको बीचमा एउटा सानो गाँउ छ । सबै जातजातिको बसोबास भएको धेरैजसो घरहरु बाहुन र क्षेत्री अनि एक/दुई घरलाई सानो जात भनेर हेप्ने गरिएको छ । त्यस परिवारमा तीन जना सदस्यहरु छन् । बाबाको नाम सुनिल, आमाको नाम सुनिता र एउटा भर्खर डेढ वर्ष पुगेको सानू बालक उसको नाम चै सागर । जातिको आधारमा सानो भएता पनि उनीहरुको हृदय सफा र ठूलो छ । आफ्नो गाउँ, समाज र देश परिवेशलाई औधी माया गर्छन् । त्यही समाजमा एक घर अलि धनि थियो ।

गाउँलेहरु उक्त घरलाई मुखिया बा को घर भनेर चिन्दछन् । मुखिया बाहुन जातिको ब्यक्ति थिए । उनले घरमा एकजना भान्छे बाहुन राखेका थिए ऊ बाहेक अरुले पकाएको खाना उनि खादैनथे । उसको पनि एउटी छोरी थिई, उनको नाम पूजा थियो । सुनिल ज्यादै मेहनती थियो । उसको काम भनेकै अरुको सामान बनाएर घर घरमा पुर्‍याउनु थियो । विवाह गरेको धेरै समयको अन्तराल पछि उनीहरुको सन्तान भएको थियो । सुनिता पनि आफ्नो श्रीमानलाई सघाउने गर्दथिइन् । सधैँ गाह्रो काम समाजको अपहेलना सुनिल कहिले काही खिन्न हुन्थ्यो । थर के चरोस उसको कर्म नै त्यस्तो थियो । पानी लिन पधेरोमा जादाँ सबै भन्दा पछि उसको पालो आउँदथ्यो । कुनै पनि बेला मन्दिर प्रवेश गर्न पाउँदैनथ्यो । यो सब उसले सहेर नै बसेको थियो । एक दिन अचानक सुनिल बिरामी पर्‍यो, गरिब परिवार घरको मूल खम्बा नै ढलेपछि अरुलाई गाह्रो त परहाल्ने नै भयो । गाउँघरको रुढीवादी चलन धामी झाक्रीको भर गरियो । धेरै दिन धामीको बाटो हेर्दा पनि कम नभएपछि सुनिता चिन्तित भइन् । ऊ गाँउ कै प्रा.वि. तह सम्म पढाइ हुने स्कुलमा जान थालेको थियो । पूजा पनि सागरसँगै स्कूल जान्थी । सागरको बाबा लिएर अस्पताल जाने त भनियो तर घरमा पैसा छैन । घरमा कमाउने व्यक्ति नै बिरामी भएको थियो । उनले मुखियख बासँग केही रकम ऋण लिएर आफ्नो लोग्नेलाई अस्पताल लैजाने निर्णय गरेर भालिपल्ट बिहानै मुखियाको घरमा पुगिन् र मुखिया पनि पिढीमा रहेको खाटमा बसेर तमाखु तान्दै थिए । सुनिताले मुखियालाई नमस्कार गरेर पिढीमा बस्न लागेकी थिइन् । तर मुखियाले भने- 'हैन ऐ सुनिता तँ कहाँ मेरो घरको पिढीमा बस्न लागेकी हँ त्यही आँगनमा बस ।' सुनिता गह्रौ मन लिएर त्यही आँगनमा बसी । अनि मुखियाले नै कुरा सुरु गरे । मुखिया के काम पर्‍यो र आज बिहानै मेरो घरमा आइस् सुनिता । सुनिता- के काम हुन्थ्यो र हामी जस्तो गरीबको तपाईसँग, तपाईले केही सहयोग गरिदिनुपर्‍यो भन्न आएकी । सुनिताले हात जोड्दै भनिन् । मुखिया- हैन, के घुमाउरो कुरा गरेको सिधै भने त भइहाल्छ नि । मेरो श्रीमान बिरामी भएको धेरै दिन भइसक्यो धामी पनि लचाए कै हो तर केही कम भएन । अस्पताल लैजाउ भनेको घरमा पैसा पनि छैन । त्यसैले तपाईले केही सहयोग गर्नुहुन्छ कि भनेर आएकी । ए कसरा त्यस्तो पो । अनि कति रकम लान्छेस्, त्यही तीन हजार नति पाए हुन्थ्यो । मुखिया, धरौटी राख्ने कुरा के लिएर आएकी छौ । सुनिता- अरु के छ र हामीसँग- त्यही पाखो बारीको लालपूँर्जा लिएर आएकी छु । मखियाले कागजमा केही कुरा लेख्न थाल्छ- मुखिया- ल यहाँ छाप लागाऊ साँचै गाँउको मानिस पढ्न लेख्न जानेकै छैन । सुनिताले कागजमा औंठो छाप लगाइदिई । मुखिया भित्र गएर तिन हजार झिकेर ल्याए र सोधे कति समयमा चुक्ता गर्छे । सुनिता -छ महिनाको समय दिनुहोस् । मुखियाले हुन्छ भनेर छ महिना भएपछि बुझाउनू ब्याज समेत गरी अलि बढी हुन्छ भनेर पैसा सुनिताको हातमा राखिदियो । सुनिताले उसलाई धन्यवाद दिइन् र आफ्नो बाटा लागिन् र घर गएर अस्पताल लैजानको निम्ति सामानहरु तयार पारिन् र आफ्ना अन्य दाजुभाइलाई भनेर अस्पताल लागिन् । घरमा सागर एरकलै थियो । उसकी काकीले सागरलाई आमाबाबा नआउनजेल मेरो घरम बस भनेर आफ्नो घर लगिन् । सुनिललाई पनि अस्पतालमा लगेर उपतार गरेपछि अली कम हुदै आयो । बिस्तरबिस्तार हिंडेर घर ल्याइयो समय बित्न कति नै लाग्दछ र सागर पाँच पुगेर छ वर्ष लागिसकेको थियो । सुनिलले ल्याएको बुझाउने समय पनि आइसकेको थियो । तर उनीहरुले रकम जम्मा गर्न सकेका थिएनन् । एकदिन बिहानै सुनिल उठेर बाहिर बसिरहेको थियो । तर उनीहरुले रकम नम्मा गर्न सकेका थिएनन् । एकदिन बिहानै उठेर बाहिर बसिरहेको थियो । उसले देख्यो कि परबाट मुखिया चार/पाँच जना सहयोगीको साथ उसैको घर तर्फआइरहेका थिए र सुनिता पनि निकै डराई ।

मुखिया सुनिलको आगनमा आइपुगे । सुनिलले पनि आदरसाथ मुखियालाई बस्नुहास् भन्यो तर मुखिया जंगिदै बाल्न थाले । मुखिया- म तिमीहरुको घरमा बस्न आएको हैन- सुनिताले बिर्सिन् कि क्या हो, ऋण तिर्नु मर्दैन- समय सकिएकोपनि एक महिना भइसक्यो कि रकम बुझाउने नत्र भने घरबारी मेरो भयो । उनीहरुले रुँदै बिन्ती गर्न थाले, हामीले बिर्सिएका हाइनौ भएको भएत लिएर आइहाल्ने थियौ नि । अब छ महिनाको समय दिनुहोस् न हामी जसरी भएपनि तिरौला । ल उसो भए हुन्छ छ महिना पछि त घरमा आउनु नपरोस् । घरमा आउनुपर्‍यो भने घरबारी सबै मेरो हुन्छ । भन्दै मुखिया आफ्नो बाटो लागे । मुखिया गएपछि उनीहरु अन्योलमा भरे र अन्तमा सुनिलले शहर जाने निर्णय गर्‍यो । भोलिपल्ट बिहानै सुनितालाई सम्झाएर भन्न थाल्यो छोरालाई निरन्तर स्कूल पठाउनु राम्ररी बस्नु म चाँडै फर्कनेछु भनेर सुनिल शहर तिर लाग्यो शहर गएर धेरै दिन पछि उरले घर बनाउने ठाउँमा काम पायो । जसरी तसरी आफ्नो मन बुझाएर बसेकी सुनिता कहिले बहुला जस्तै बर्हराउन थाल्थी अलि अलि पाँच महिना भइसकेछ । सुनिलले पनि अलि अलि गर्दै पैसा जम्मा गरेको थियो र भोलिपल्ट बिहानै घर जाने विचार गरी सुनिल सामान मिलाउन तर्फ लाग्यो । भोलिपल्ट बिहानै मुखियाको घरमा पैसा पुर्‍याउन हिड्यो । मुखिया बिरामी भएका थिए । सुनिलले साँवा र ब्याज गरेर सबै रकम बुझायो र लालपुर्जा लिएर आफ्नो घर तर्फ लाग्यो । मुखियालाई अस्पताल लगियो सुनिल पनि मुखियासँगै गएको थियो । उसको शरीरमा रगतको मेकमी भएको रहेछ, रगत पाउन निकै कठिन भयो । कतै रगत नपाएपछि मुखियाको र सुनिलको रगत मेल खायो । सुनिलले पुखियालाई रगत दिएर जीवन बचाइदियो । मुखियालाई पनि बिस्तारै निको भइसकेको थियो । एकदिन बिहानै मुखिया सुनिलको घर तर्फलाग्यो । मुखिया आएको देखेर उनीहरु दुवै खुसी भएर मुखियालाई सम्मान साथ भित्र लगेर बसाए । मुखियाले सुनितालाई भने । मुखिया- सुनिता मलाई एक गिलास पानी ल्याउन कस्तो घाँटी सुकिरहेछ । सुनिता- मुखिया बा हामीले छोएको पानी । तपाई त बाहुन मान्छे अनि हामी दलित फेरि तपाईले हाम्रो घरमा पानी... मुखियाले आँसु झार्दै भन्न थाले भयो अब मलाई केही नभन जबमेरो शरीरमा नै तिमीहरुको रगत बग्न थालिसक्यो पानी खान के । मलाई बल्ल आजथाहा भयो मानिसको शरीरमा एउटै रगत बग्छ भने साने ठूलो कसरी हुन्छ । हामी त सबै एउटै फलबारीका फुल हौं अब जातमुन्छ त केबल दुइवटा मात्र एउटा पुरुष र एउटा महिला । म नै अन्धो रहेछु मलाई माफ गरिदेऊ । मैले तिमीहरुलाई धेरै दुख दिए । बेइज्जत गरे भन्न पनि लाज लाग्छ । मलाई माफ गरिदेउ । तिमीहरु त मेरो आफ्नै छोरा हौ । मुखियाले सुनिललाई अंगाले हालेर उसको पिठिऊँमा थपथपाउन थाले ।

*-मझेरी डटकम*

गाई जात्रे हाँस्यव्यङ्ग्य

# गौरव गाथा




**लालकाजी शाक्य**

हरेक खेलमा हार्नु खेलाडीको गौरव
नेताकुर्सीको खेलमा गौरव
स्थानीय सरकार काम नगर्दा गौरव
च्यात्तिएको कपडा लाउँदा युवाको गौरव
घरमा अन्न छैन रक्सी पिउनुमा गौरव
अध्यापनमा भन्दा ट्युसनमा गौरव
आफ्नै मान्छे सरकारमा छिराउन पाए हाकिमको गौरव
आफू भन्दा पछि आउने अगाडि बडे खुट्टा तान्ने गौरव
भ्रष्टाचार, हत्यारा सत्तामा पुर्‍याउने कार्यकर्ताको गौरव
बिदेसी सहयोग लुछाचुंडी गर्ने गौरव
बीस मिनटको सम्मेलनमा बिसलाख खर्च गर्ने गौरव
सरकारी खर्चमा विदेससँगै औषधि गर्ने गौरव
छिमेकीले सिमाना मिच्दा नेताको गौरव
कोशी गण्डकी महाकाली बेच्दा नाक फुलाउने गौरव
नागरिकता बिधेयक पास हुँदा गौरव
सनातन धर्म छाडी परधर्म अपनाउनुमा गौरव
विरोध, अवरोध पछि कमिसन पाउँदा गौरव
सुन पक्रिने गौरव
सुन पित्तल हुँदा गौरव
भरिया समाउने गौरव
मालिक हराउने गौरव
सुन गायब गर्ने गौरव
भट्टीमा सुकुटी मासु रक्सीमा रमाउने गौरव
नदि जन्य सामान बेच्ने गौरव
जंगल मास्ने गौरव
मानव तस्करी गौरव
आयात गौरव
निर्यात शुन्य गौरव
लाटागाँडा जे जस्तो भएनी आफ्नै नेता ठिक भन्ने गौरव
जंगल मासियो गौरव भूकम्पगयो गौरव
पहिरो गयो गौरव दुर्घटना भयो गौरव
मिसन गौरव कमिसन गौरव
भ्रष्टाचार गौरव कानून नमान्ने गौरव
देसको ढुकुटी सिध्याउने गौरव
कलकारखाना बेच्दा गौरव
परिश्रम बेच्यो पसिना बेच्यो गौरव
अर्काको देखासिकी गौरव घमण्डी गौरव
बाटो बिग्रियो गौरव ढल मिचियो गौरव
सम्पदा बिगार्‍यो गौरव मन्दिर मुर्ति तोड्यो गौरव
तुईन चुँडियो गौरव सलामी खाने गौरव
मिली भगत गौरव
गुलामी गर्ने चाकडी गर्ने गौरव
बत्तीजाने गौरव धारामा पानी नचुहुने गौरव
घुस खाने गौरव भुस खाने गौरव
चपर मुनिको बास गौरव महलमा बस्ने गौरव
कानून तोड्यो न्यायालयको गौरव
विध्यार्थी फैल भयो शिक्षकको गौरव
अपराधी छुटाउने गौरव कुर्सी तानातान गौरव
मुक्का हानाहान गौरव रोष्ट्रम घेर्ने गौरव
तोडफोड गौरव आगजनी गौरव
नागरिक्ता बनाउने गौरव नागरित्ता बेच्ने गौरव
विदेशीले देसमा काम पाउँदा गौरव
स्वदेशीले विदेशमा काम पाउँदा गौरव
रेमिट्यान्स आयो गौरव बक्सामा लास आयो गौरव
खाद्यान्न साम्रगी महँगो गौरव
मल छैन कृषि मन्त्रालयको गौरव
बाटो छैन यातायात मन्त्रालयको गौरव
धारामा थोपा पानी चुहुन्न जलश्रोत मन्त्रालयको गौरव
झ्याप्प झुप्प बत्तिजान्छ विद्युत आपूर्ति मन्त्रालयको गौरव
न खानेलाई खान सिकाउने गौरव
खाएपछि भाग माग्ने गौरव
ईतिहास पढ्नेलाई भूगोलको गौरव
भूगोल पढ्नेलाई ईतिहासको गौरव
भाषासंस्कृत छोडी पछिमेली संस्कृत अपनाउने गौरव
देसैभर फोहर वातावरण मन्त्रालयको गौरव
राजा मारी प्रजा ढाल्ने गौरव
मानवता माथि खेलवाड गर्ने अधिकारवादीको गौरव
गरिबको समृद्धि हैन अभिबृद्धिको गौरव
आमाबुवा, सासुससुरालाई घरबाट निकाल्ने वैवाहिक जोडीको गौरव
हरेक कुरामा आयोग बनाउने गौरव
नेताको कुरा सुन्ने जनताको नसुन्ने गौरव
सर्प पाल्ने गौरव बाख्रा पाल्ने गौरव
छोरा नातीको भत्ता माग्ने गौरव
बेलामा मल नभिकाउने कृषी मन्त्रालयको गौरव
सेना घटाउने संसद बढाउने गौरव
अरबौंको घोटाला करोडौं धरौटी माग्ने गौरव
सहयोगको खाध्यान्न खाल्डोमा पुर्ने गौरव
बन्दा बन्दैको पुल भाँचिए गौरव
सुन समात्यो गौरव सुन हरायो गौरव
भन्सारमा ठूलो माछा उम्किने सनो माछा समाउने गौरव दायाँ गौरव बायाँ गौरव
तल गौरव माथि गौरव

अगाडि गौरव पछाडी गौरव
पाईलै पिच्छे गौरव
पिउनु गौरव पिलाउनु गौरव
खानु गौरव खुवाउनु गौरव
मर्नु गौरव मार्नु गौरव
हाँस्नु गौरव हसाउनु गौरव
लुट्नु गौरव लुटाउनु गौरव
पाईला पाईलामा गौरव
यो गर गौरव उ गर गौरव
यो भएन गौरव उ भएन गौरव
जे गरेनि गौरव जसो गरेनी गौरव
गौरव माथि गौरव
गौरव गर्दा गौरव, गौरव नगर्दा गौरव
जन्मे गौरव मरे गौरव
खाए गौरव नखाए गौरव
गमलामा धान रोप्ने गौरव
सिसी क्यामराको तार काट्ने मुसाको गौरव
सबभन्दा ठुलो मुर्रा भैंसी उपहारको गौरव
स्वदेशी तरकारी दूध सडकमा फाल्ने भारतबाट मगाउने गौरव
कृषि प्रधान देशमा विदेसबाट खाद्यान्न मगाउने गौरव
सस्तोमा बिजुली बेच्ने महङ्गीमा किन्ने गौरव
सडक आज पिच गर्ने भोलि उप्किने गौरव
सडकमा छापेको ढुङ्गा उप्काई पिच गर्ने गौरव
पिच उप्काई ढुङ्गा छाप्ने गौरव
सुशासन भन्दै दुसाशन जन्मिने गौरव
बन्दै नबनेको संरचनाको मरमत खर्च बजेट निकासा गौरव
देशको सुरक्षा भन्दा नेताको सुरक्षामा खटिने प्रहरी सेनाको गौरव
रक्षक भन्दा भक्षक धेरै हुँदा गौरव
काठमाण्डुमै घर भएर पनि बहाल खर्च माग्ने गौरव
धेरै दिवस मनाउने गौरव
सुत्केरी बिदा भन्दै पुरुष विदामा बस्ने गौरव
होटेलमा मोज गरेर बस्ने काजको भत्ता माग्ने गौरव
साईकल चढेर तेलको पैसा माग्ने गौरव
बिल विजकमा बढी पैसा लेखाउने गौरव
दिंदै नदिएको सहयोगको मुचुल्का उठाउने गौरव
हावाबाट बिजुली निकाल्ने गौरव
समुद्रमा जहाज चलेको गौरव
पूर्ब पञ्चिम रेल दौडेको गौरव
संसदमा निदाउने गौरव
बन्द हड्ताल गर्ने गौरव ताला लगाउने गौरव
विदेसी पाहुनाको अगाडि र्‍याल चुहाएर सुत्ने गौरव
तरकारी बेच्ने जेलमा सरकारी बेच्ने कुर्सीको गौरव
आँसु चुहाउने भन्दा सरकारी पैसाले भोज भटेर गरी मासु खाने गौरव
घरमा बालेको बिजुली, धारा, फोनको महसुल सरकारले तिर्न लगाउने गौरव
संसारमा सबै भन्दा धेरै सांसद भएको गौरव
गल्ली गल्लीमा छ्याप छ्याप्ती नेता कार्यकर्ता भएर गौरव पढे गौरव नपढे गौरव ।।

# बालिकाको मृत्युपछि तनाव ग्रस्त बनेको तम्घास शान्त बन्दै






**गुल्मी,** भदौ १३/गुल्मी अस्पतालमा उपचारको क्रममा मंगलबार छ वर्षीया बालिकाको ज्यान गएपछि तनाव ग्रस्त बनेको सदरमुकाम तम्घास यति बेला शान्त बन्दै गएको छ । अर्घाखाँचीको छत्रदेब गाउँपालिका-७ काउलेकी छ वर्षीया बालिका प्रशंसा मरासिनीको उपचारको क्रममा ज्यान गएपछि पीडितका आफन्त र स्थानीयहरु आन्दोलनमा उत्रिएपछि तम्घास बजार तनाव ग्रस्त बनेको थियो ।

बालिकाको मृत्युको छानबिन माग गर्दै आफन्तले आन्दोलन गर्दै आएका थिए । आन्दोलनमा उत्रिएका पीडित पक्षले प्रशासन कार्यालय अगाडि नाराबाजी गर्दै टायर बाल्ने क्रममा पेट्रोल शरीरमा लागेपछि जलेर दुई युवा घाइते भएका थिए । आफन्ताले चिकित्सकको लापरवाहीले बालिकाको मृत्यु भएको बताएका छन् । अस्पतालमा भर्ना भएकी बालिकाले आफ्ना बाबा राजेस मरासिनीसँग 'भोक लाग्यो बाबा बिस्कुट खान्छु' भनेको र बावुले पख छोरी केही बेरमा डाक्टर आउनुहुन्छ र सोधेर खाउली भनेपछि बालिका अस्पतालको बेडमा गएर सुतेको आफन्तले बताएका छन् । बालिका सुतेको केही समयपछि डिउटीमा खटिएकी एक स्टापले उनको हातमा केनलाको माध्यमबाट ईन्जेक्सन लगाईदिइन् । ईन्जेक्सन लगाउँदा सुतेकी बालिका एक्कासी ब्यूँभिन पुगेको र हात तन्काउँदै चिच्याएको उनका बुवाले बताए । त्यसपछि बालिकाले मुखबाट सामान्य फिँज निकालेपछि अस्पतालका स्वास्थ्यकर्मीले नेपकिनले मुखको फिँज पुछि बालिकाको हात र खुट्टा मुसार्दिनु भन्दै अन्य बिरामीको हेरचाहमा लागेको आफन्तले बताएका छन् । त्यतिबेलासम्म बालिकालाई समस्या देखिएपछि उनका बावुले पटक-पटक डाक्टरलाई बोलाउँदा समेत नआएपछि बालिकाको मृत्यु भएको बताइएको छ । बिरामीका आफन्तहरुले डाक्टर तत्काल त्यहाँ नहुनु र समयमा नआएको हुँदा बालिकाको ज्यान गएको बताएका छन्, तर डाक्टर र अस्पताल व्यवस्थापन समितिले भने त्यसो नभएको जिकिर गरे । अस्पतालका निमित्त मेडिकल सुपरिटेन्डेन्ट डा.राजेन्द्र जिसीले अस्पतालमा भर्ना भएकी मृतक बालिकाको स्वास्थ्य जाँचको क्रममा रिपोर्ट सामान्य रहेको र उपचारकै क्रममा बालिकाको मृत्यु भएको बताएका छन् । अस्पतालले मृत्युको कारण बारे स्पष्ट रुपमा जानकारी नदिएपछि अस्पतालको लापरवाहीका कारण बालिकाको अनाहक मै ज्यान गएको भन्दै पीडित परिवारका आफन्त र स्थानीयले गुल्मी अस्पताल र जिल्ला प्रशासन कार्यालयमा विरोध प्रर्दशन गरेका थिए । घटनाको विषयलाई लिएर अहिले गुल्मीका प्रमुख जिल्ला अधिकारी टेकबहादुर केसीको समन्वयमा जिल्ला प्रशासन कार्यालय गुल्मीमा जिल्ला समन्वय समिति प्रमुख द्रोणबहादुर खत्री, रेसुङ्गा नगरपालिका प्रमुख खिलध्वज पन्थी, अर्घाखाँचीको छत्रदेब गाउँपालिका अध्यक्ष चन्द्रमान श्रेष्ठ, अस्पताल प्रशासन र मृतकका आफन्तबीच छलफल पछि घटना सामान्य हुँदै गएको हो । छलफलको क्रममा घटनाको वास्तविक रुपमा सत्यतथ्य छानविन गर्ने भन्दै सहायक प्रमुख जिल्ला अधिकारी हरिप्रसाद गैरेको संयोजकत्वमा पाँच सदस्यीय छानविन समिति समेत गठन गरिएको छ ।

# आज रक्षाबन्धन अर्थात्...

...मानव रक्षाका लागि जप, तप र पूजा गरी मन्त्रिएको रक्षाबन्धन अर्थात् डोरो वैदिक परम्पराको मन्त्रोच्चारण गर्दै ब्राह्मण पुरोहितले यजमानको दाहिने नाडीमा बाँधिदिने गरिन्छ ।

यस वर्षको जनैपूर्णिमा, रक्षाबन्धन र गाईजात्रा पर्वका विषयमा भ्रामक टीका टिप्पणी र प्रचार-प्रसार भएकाले जनमानसमा भ्रम सिर्जना गर्न खोजिएको भन्दै नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले आपत्ति जनाएको छ । समितिले धर्मशास्त्री र चाडपर्व विशेषज्ञहरूको उपस्थितिमा व्यापक छलफल गरी शास्त्रको मर्म तथा विद्वानहरूको राय मुताबिक निर्णय गरी स्वीकृत पञ्चाङ्गमा उल्लिखित भदौ १४ गते बिहीबार नै ऋषितर्पणी, रक्षाबन्धन र गाईजात्रा पर्व मनाउन धर्म, संस्कृति तथा परम्परा अनुकूल रहेको बताएको छ । बुधबार पूर्णिमासँगै भद्रा रहेको छ । राति ९:०३ बजे मात्र भद्रा सकिने हुँदा दिनमा रक्षाबन्धन गर्न नमिल्ने बताइएको छ । रात्रिमा रक्षाबन्धन गर्ने परम्परा नभएका कारण भदौ १४ गते नै रक्षाबन्धन, ऋषितर्पणी एवं गाईजात्रा पर्व मनाउनु शास्त्रसम्मत हुने समितिको निर्णय छ । तराई क्षेत्रमा भने आजकै दिन दिदीबहिनीले दाजुभाइलाई राखी बाँधेर मनाइन्छ । यसबाट दिदीबहिनी र दाजुभाइबीच प्रेम सम्बन्ध बढ्छ भन्ने सामाजिक मान्यता छ । जनैपूर्णिमाका दिन एघार थरीका गेडागुडी मिसाई भिजाएर टुसा उमारेर बनाइएको क्वाँटी खाइन्छ । यसरी क्वाँटी बनाई खानाले शरीरमा रोग नलाग्ने, पेट सफा हुने र वर्षायामभर खेतीपातीको काम गर्दा शरीरमा लागेको चिसो निकाली भित्रदेखि नै तापको सञ्चार गर्छ भन्ने धार्मिक एवं आयुर्वेद शास्त्रीय मान्यता छ ।

# आज गाईजात्रा पर्व...

...पाल्पामा गाउँ- गाउँबाट काम्लोको गाई बनाएर रमाईलो गर्दै जात्रा निकाल्ने गरिन्छ । तानसेनमा नेवारी समुदायले वासा, रामायण र निर्गुण गाउँदै नगरपरिक्रमा गर्ने गर्दछन् । तानसेनमा काठमाण्डौ उपत्यकापछि सबै भन्दा बढी जात्रा मनाइन्छ । तानसेनमा गाइजात्राबाट सुरु भएर कृष्ण नवमीको दिन भगवती जात्रा निकालेपछि मात्र समापन हुन्छ । गाईजात्रा पर्वको सुरुवात राजा प्रताप मल्लले गराएको मानिन्छ । राजा प्रताप मल्लले पुत्रको मृत्युले शोकले बिह्वल भएकी आफ्नी रानीलाई फकाउनका लागि हाम्रो छोरा जस्तै धेरैका आफन्त मरेका छन् भनी देखाउन आ-आफ्ना मरेका व्यक्तिका नाममा गाईजात्रा निकाली सहर परिक्रमा गराउनु भनी आज्ञा दिएको जनश्रुती पाइन्छ । यतिले पनि रानीको मन शान्त हुन नसकेकाले गाइजात्रा पर्वमा विभिन्न प्रकारका प्रहसन तथा व्यङ्ग्यात्मक कार्यक्रम पनि गराउने आदेश दिए अनुरूप आजसम्म सोही परम्परा अनुसार यस पर्व मनाइदै आएको मानिन्छ । आजदेखि ८ दिनसम्म लगातार विभिन्न जात्रा पर्वहरु मनाउने प्रचलन छ ।

## खेलकुद समाचार

# ओडीआईमा सन्दीपको ५० औं खेल



**काठमाडौं,** भदौ १३/नेपालका लेग स्पिनर सन्दीप लामिछानेले एकदिवसीय अन्तर्राष्ट्रिय (ओडीआई) क्रिकेटमा ५० औं खेल पूरा गरेका छन् । बुधबार पाकिस्तानको मुल्तान क्रिकेट स्टेडियममा एसिया कपमा पाकिस्तानविरुद्ध खेल्दै उनले एकदिवसीयमा ५० औं खेल पूरा गरेका हुन् ।

सन्दीपले ४९ ओडीआई खेलमा ३ सय ६७ रन बनाउनुको साथै १ सय ११ विकेट लिएका छन् । सन्दीपले २०१८ अगष्टमा नेदरल्यान्ड्सविरुद्ध ओडीआईमा डेब्यू गरेका थिए । सन्दीप रोहित पौडेल र दीपेन्द्रसिंह ऐरीपछि ५० औं ओडीआई खेल्ने तेस्रो नेपाली खेलाडी हुन् । सन्दीप ओडीआई इतिहासमा सर्वाधिक छिटो ४२ खेलमा १ सय विकेट लिने खेलाडी पनि हुन् । उनले गत वैशाखमा अफगानिस्तानका राशिद खानको ४४ खेलको कीर्तिमान तोडेका थिए । सन्दीपले २०२० मा अमेरिका र २०२१ मा पपुवा न्युगिनीविरुद्ध ६-६ विकेट लिएका थिए । नेपाललाई एसिया कपमा पुऱ्याउन र ओडीआई मान्यता निरन्तरता गराउन उनको योगदान महत्वपूर्ण थियो । नेपालबाट सर्वाधिक धेरै ओडीआई खेल कप्तान रोहित पौडेलले ५२ र अलराउन्डर दीपेन्द्रसिंह ऐरीले ५० खेल खेलेका छन् ।

वर्गिकृत डिस्प्ले
१ X ५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्कः ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# एमसिसी कार्यान्वयनमा




**काठमाडौं,** भदौ १३/नेपाल सरकार तथा मिलेनियम च्यालेञ्ज कर्पोरेशन (एमसिसी) को संयुक्त लगानीको 'एमसिसी नेपाल कम्प्याक्ट कार्यक्रम' कार्यान्वयन चरणमा प्रवेश भएको घोषणा भएको छ । मिलेनियन च्यालेन्ज नेपाल अकाउन्ट विकास समिति (एमसिए-नेपाल) अन्तर्गत कार्यान्वयन हुने परियोजनाको पूर्वतयारीका काममा पर्याप्त प्रगति भएको सहमतिपछि उक्त घोषणा गरिएको हो ।

अर्थमन्त्री डा. प्रकाशशरण महत र एमसिसीका कम्प्याक्ट सञ्चालन सम्बन्धी उपाध्यक्ष क्यामेरोन अल्फोर्डले बुधबार अर्थ मन्त्रालयमा आयोजित विशेष समारोहमा एमसिसी नेपाल कम्प्याक्ट कार्यान्वयन चरणमा प्रवेश (इन्ट्री इन्ट्री फोर्स- इआईएफ) सम्बन्धी पत्र आदानप्रदान गरेका छन् । एआईएफ सम्बन्धी पत्र आदान-प्रदान कार्यक्रममा अर्थमन्त्री डा.महतले एमसिए-नेपाल अन्तरगत कार्यान्वयन हुने विद्युत प्रसारणलाईन र सडक आयोजनाले समग्र पूर्वाधार क्षेत्रका लागि महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले भने 'आजबाट हामीले एमसिसी कार्यान्वयन सुरुआत गरेका छौं । यो कोशेढुङ्गासम्ममा आइपुग्न धेरै उतावचढाव भोग्नु परेको थियो ।'

अर्थमन्त्री डा. महतले भने, 'नेपालले पूर्वाधारका क्षेत्रमा धेरै काम गर्न बाँकी रहेको छ । एमसिए नेपाल अन्तर्गतका सडक आयोजनाले नागरिकलाई उत्पादनमा जोड्न र उद्यम व्यवसायका लागि सहजता दिनेछ । अर्कोतर्फ नेपालमा जलविद्युतको ठूलो सम्भावना रहेकाले प्रसारणलाइनले नेपालभित्रको प्रसारण प्रणाली सहज बनाउने मात्र नभइ भारतसँगको अन्तरदेशीय विद्युत व्यापारका लागि पनि महत्वपूर्ण रहेको छ ।'

अर्थ सचिव एवं एमसिए-नेपाल सञ्चालक समिति अध्यक्ष अर्जुनप्रसाद पोखरेलले नेपालको विद्युत व्यापारमा लागि प्रसारण आयोजना महत्वपूर्ण रहेको बताए । जग्गा अधिग्रहणको काममा शीघ्रता दिएर चाँडै सक्ने र परियोजना कार्यान्वयनका क्रममा अनुगमनको काम प्रभावकारी ढङ्गले गर्ने प्रतिबद्धता उनले जनाए । एमसिए-नेपालका प्रमुख कार्यकारी अधिकृत (सिईओ) खड्गबहादुर विष्टले जग्गा अधिग्रहण र मुआब्जाको काम आगामी डिसेम्बर सम्ममा सकिसक्ने तयारी रहेको बताए । प्रसारणलाईनको ठेक्का प्रक्रिया सुरु भइसकेको उनको भनाइ छ । नेपालका लागि अमेरिकी राजदूत डीन थम्पसनले दुई देशबीच ७५ वर्ष देखिको मैत्रीपूर्ण सम्बन्धबारे स्मरण गर्दै एमसिसी नेपाल कम्प्याक्टले दीर्घकालका लागि नेपालको समृद्धिलाई उकास्ने विश्वास व्यक्त गरे । एमसिसीका कम्प्याक्ट सञ्चालनसम्बन्धी उपाध्यक्ष क्यामेरोन अल्फोर्डले एमसिसी अन्तर्गतका परियोजना कार्यान्वयनका क्रममा इआईएफ एक महत्वपूर्ण कोशेढुङ्गा रहेको बताए । *-रासस*

मनको आवाज.............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका



कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई